
AMNESTY INTERNATIONAL



**विश्वव्यापी आवधिक समीक्षा (यूपिआर) प्रक्रियामा वंशमा आधारित विभेदलाई सम्बोधन गर्ने**

# स्मार्ट सिफारिसहरुसम्बन्धी तथ्यहरुको संगालो

**एम्नेस्टी इन्टरनेसलले तयार गरेको यो तथ्यहरुको संगालोले विश्वव्यापी आवधिक समीक्षा (यूपिआर)मा काम गर्दा वंश र जातको आधारमा हुने भेदभावलाई सम्बोधन गर्न बढी उपयोगी सिफारिसहरु कसरी तयार गर्ने भन्ने बारेमा राज्य, नागरिक समाजका संस्था, सामुदायिक समूह, अभियन्ता र सम्बन्धित व्यक्तिहरुलाई संक्षिप्त परिचय प्रदान गर्दछ ।**

## यूपिआरका बारेमा

यूपिआर संयुक्त राष्ट्रसङ्घको मानवअधिकार परिषद्को एउटा महत्वपूणर् चक्रीय संयन्त्र हो, जहाँ अन्य राष्ट्रहरुले लगभग हरेक पाँच बर्षमा[1] संरासंङ्घको प्रत्येक सदस्य राष्ट्रको मानवअधिकारको अवस्थाको समीक्षा गर्छन् । समीक्षाको क्रममा राष्ट्रहरुले अन्य राष्ट्रहरुबाट सिफारिसहरु प्राप्त गर्दछन् । प्राप्त गर्ने राष्ट्र (समीक्षा भइरहेको राष्ट्र)ले ती सिफारिसहरुको कि त समर्थन गर्छ वा त्यसलाई नोट गर्छ ।

कुनै राज्यले आफ्नो यूपीआरको समयमा गरिएको सिफारिसहरुलाई समर्थन गरेमा अर्को समीक्षा अघि ती सिफारिसहरु कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दछ । यूपीआर प्रक्रियामा नागरिक समाजका संस्था, सामुदायिक समूह र सम्बन्धित व्यक्तिहरूले मुख्य भूमिका निर्वाह गर्छन् । उनीहरूले स्थानीय स्तरबाट उपलब्ध गराउने जानकारीले राज्यहरूको आफ्नै विश्लेषणप्रति वैकल्पिक दृष्टिकोण प्रदान गर्छ । उनीहरूले मानवअधिकारको अवस्थामा सुधार गर्नका लागि सिफारिसहरू पनि दिन सक्छन् जुसलाई राज्यहरूले समीक्षाको क्रममा उपयोग गर्न सक्छन्।

यी सिफारिसहरू यूपीआरले समीक्षा भइरहेको राज्यमा मानवअधिकारको अवस्थामा सुधार ल्याउन योगदान पुर्‍याउन सक्ने मुख्य माध्यम भएको हुनाले राज्यहरूले राम्रोसँग संरचना गरिएका सिफारिसहरू तयार गर्न आवश्यक छ जसले व्यवहारमा मानवअधिकारको संरक्षणमा सुधार ल्याउन आवश्यक कार्यहरूलाई स्पष्ट रूपमा परिभाषित गर्नेछ । यसो गर्नको लागि एउटा सजिलो तरिका भनेको तल प्रस्तुत गरिएको **स्मार्ट** विधि प्रयोग गर्नु हो।

1 समीक्षाहरूको चक्र ४.५ वर्षसम्म रहन्छ र सामान्यतया चक्रहरू बीच छ महिनाको अन्तर हुनेगर्छ ।

# स्मार्ट सिफारिसहरू भनेको के हो?

स्मार्ट भनेको **स्पेसिफिक(निर्दिष्ट)**, **मेजरेबल (मानपयोग्य)**, **एचिभेबल (हासिल गर्न सकिने)**, **रेलेभेन्ट (सान्द्रभिक) र टाइम-बाउण्ड (समयसीमावद्ध)** हो । यो शब्दको उत्पत्ति व्यवसायिक व्यवस्थापनमा भएको भएपनि यसलाई विकास र सार्वजनिक नीति क्षेत्रमा पनि उपयोगी अवधारणाका रूपमा पनि स्वीकार गरिएको छ । यी मापदण्डहरू विशेष रूपमा उद्देश्य निर्धारणका लागि प्रयोग हुने भएकाले, यस तथ्यहरुको संगालोले अविभेद र सूचनामा पहुँचको प्रवद्र्धन् र संरक्षणलाई अगाडि बढाउन यूपीआर सिफारिसहरूमा त्यसलाई कसरी लागू गर्न सकिन्छ भन्ने कुरा देखाउनेछ।

## स्मार्ट यूपीआर सिफारिसहरू[2]

तपाईंका यूपीआर सिफारिसहरू सटीक र कार्य-उन्मुख छन् भनी सुनिश्चित गर्न प्रत्येक सिफारिस निम्नलिखित मापदण्डहरूद्वारा निर्देशित हुनुपर्छ :

### निर्दिष्ट

निर्दिष्टको आयाम भनेको कुनै निर्दिष्ट अधिकार वा उल्लङ्घनका सम्बन्धमा राम्रोसँग परिभाषित क्रियकलापलाई सम्बोधन गर्नु हो । कुनै पनि निर्दिष्ट सिफारिसले निम्नलिखित प्रश्नहरुलाई सम्बोधन गर्नुपर्छ : सो सिफारिसमा उल्लङ्घन् र समाधानहरू स्पष्ट रूपमा पहिचान गर्न सकिन्छ ?

### मापनयोग्य

मापनयोग्य सिफारिस भनेको समीक्षा गर्न सकिने सिफारिस हो । मापनयोग्य सिफारिसले निम्नलिखित प्रश्नहरूलाई सम्बोधन गर्नुपर्छ : सो सिफारिस कार्यान्वयन भयो वा भएन भनेर मैले कसरी थाहा पाउन सक्छु? यदि त्यसो हो भने, त्यो कुन हदसम्म कार्यान्वयन भयो - आंशिक वा पूणर्? कार्यान्वयनले अपेक्षित प्रभाव पारेको छ?

### हासिल गर्न सकिने

हासिल गर्न सकिने पक्षलाई सो सिफारिसको पालना गर्ने राज्यको क्षमताले निर्धारण गर्छ । त्यस्तो सीमितता राजनीतिक इच्छाशक्तिका आधारमा नभई भौतिक माध्यमबाट मात्र परिभाषित गरिनुपर्छ । हासिल गर्न सकिने सिफारिसले निम्नलिखित प्रश्नलाई सम्बोधन गर्नुपर्छ : बजेट र मानवस्रोतको सीमिततालाई दृष्टिगत गर्दा आगामी पाँच वर्षभित्र राज्यले सो सिफारिसलाई वास्तविक रुपमा हासिल गर्न सक्ने किसिमको छ ?

### सान्दर्भिक

सान्दर्भिकताले सिफारिस र देशको वर्तमान अवस्थाबीचको सम्बन्धलाई जनाउँछ । सान्दर्भिकताले सिफारिस र स्थलगत रुपमा मानव अधिकारको अवस्थामा सुधारबीचको सम्बन्धलाई पनि जनाउँछ । सान्दर्भिक सिफारिसले निम्नलिखित प्रश्नहरूलाई सम्बोधन गर्नुपर्छः सिफारिसले सम्बन्धित राज्यमा मानवअधिकारसम्बन्धी महत्वपूणर् मुद्दाको समाधान प्रदान गरेको छ ? के यो स्थानीय पक्ष र अधिकारबाहकहरूले कार्यान्वयन भएको हेर्न चाहेको कुरा हो?

### समयसीमावद्ध

समयसीमावद्ध सिफारिस लागू हुने अपेक्षा गरिएको समयसीमासँग सम्बन्धित छ । सबै सिफारिसहरू अर्को समीक्षा हुने समयसम्म लागू गरिनु पर्छ भन्ने मान्यता रहेको छ तर छोटो समयसीमा पनि सिफारिस गर्न सकिन्छ । कुनै प्रस्तावित कदम चाल्नका लागि स्पष्ट मिति पहिचान गरिएको छ?

2 यो बाकस यूपीआर जानकारी, बटरफ्लाइ इफेक्ट :स्प्रेडिङ गुड प्र्याक्टिसेस अफ यूपीआर इम्प्लिमेन्टेसन, २०१६, upr-info.org/sites/default/files/documents/2016-11/upr_info_the_butterfly_effect_2016.pdf बाट उदृत गरिएको हो, पृष्ठ ८ ।

# सिफारिसहरू किन स्मार्ट बनाउने?

यूपीआरले राज्य र नागरिक समाजलाई मानव अधिकारको अवस्थामा कसरी सुधार ल्याउने भन्ने कुरामा रचनात्मक संवादमा संलग्न हुने बहुमूल्य अवसर प्रदान गर्न सक्छ । समीक्षा हुनु अघि वकालतमा संलग्न हुने योजना बनाएका नागरिक समाजका संस्था, सामुदायिक समूह र सम्बन्धित व्यक्तिहरूले आफ्नो यूपीआर प्रस्तावहरुमा यूपीआर सिफारिसहरू सुझावका रुपमा प्रस्तुत गर्न सक्छन् र त्यसलाई सिफारिस गर्ने राज्यहरूसँग पैरवी गर्न प्रयोग गर्न सकिन्छ।

**स्मार्ट सिफारिसहरू सुझाव गर्नु दुई प्रमुख कारणहरूका लागि महत्त्वपूर्ण् छ :**

(१) स्मार्ट सिफारिसहरू अनुगमन गर्न सजिलो हुन्छ र यसले तपाईंलाई र अन्य नागरिक समाजका पक्षहरूलाई तपाईंले कार्यरत रहेको राष्ट्रलाई त्यसका मानवअधिकार प्रतिबद्धताहरूका लागि जवाफदेही बनाउने तपाईंको भूमिकामा मद्दत गर्नेछ ।

(२) स्पष्ट कदमहरू प्रस्तुत गर्ने स्मार्ट सिफारिसहरूले नागरिक समाज संगठनहरू कार्यान्वयन साझेदारको रूपमा काम गरेको अवस्थामा उनीहरूको योगदानलाई मार्गनिर्देशित गर्न मद्दत गर्न सक्छ।

# वंश र जातीय विभेदसँगको सान्दर्भिकता

समानता र अविभेदको अधिकारले सबै मानवअधिकारहरू हासिल गर्र्ने कार्यमा अनुकूल भूमिका निर्वाह गर्दछ । यो नागरिक तथा राजनीतिक अधिकारका साथै आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूसँग पनि सम्बन्धित छ ।

सबैको समानता र अविभेदले आवास, स्वास्थ्य सेवा, शिक्षा, खानेपानी र सरसफाइ, सुरक्षा, राजनीतिक प्रतिनिधित्व, र राज्य र निजी संस्थाहरूको निणर्य प्रक्रिया सहित स्रोत र विकासमा पहुँच प्रदान गर्छ । निष्ठा र न्यायलाई अघि बढाउनका लागि यी अधिकारहरु सुस्पष्ट र अत्यावश्यक छन् । प्रणालीगत र अन्तरपुस्ता विभेदको सामना गरिरहेकाहरुले चरम गरिबी र असमानताका साथै बहुविधागत र असमान प्रकारका उत्पीडनको सामना गर्नुपर्ने सम्भावना हुन्छ।

अनुमानित २६ करोड मानिसहरू वंशमा आधारित विभेदबाट प्रभावित छन् ।[3] यी मध्ये ठूलो संख्या दक्षिण एसियामा बसोबास गरे तापनि, वंश र जातीय विभेद विश्वका धेरै देशहरूका लागि मानवअधिकारको महत्वपूणर् मुद्दाका रुपमा रहँदै आएको छ र वंशमा आधारित समूहहरूको संरक्षणमा सुधार ल्याउन र यूपीआरमा वंश र जातीय विभेदलाई सम्बोधन गर्ने उद्देश्यले राज्यहरूलाई सिफारिसहरु अर्थपूणर् र स्मार्ट बनाउनका लागि निरन्तर वकालत र अभियानको खाँचो छ । यी स्मार्ट सिफारिसहरूको प्रयोजन अल्पसंख्यकहरूको अधिकारको संरक्षण र प्रवद्र्धन् गर्नु हो ।

**अनुमानित**

**२६ करोड मानिसहरू**

**वंशमा आधारित विभेदबाट प्रभावित छन्**

3 https://doi.org/10.1016/j.worlddev.2018.06.003

# स्मार्ट विधिको प्रयोग गर्दा के कुरामा ध्यान दिने?

मानवअधिकारसम्बन्धी सरोकारहरू धेरै विविध हुन सक्छन्, र त्यसले प्रस्तुत गरेका सबै जटिलताहरूलाई एउटा सामान्य सिफारिसले सम्बोधन गर्ने सम्भावना कम हुन्छ । यो पक्षलाई स्मार्ट विधिलाई लागू गर्ने प्रयास गर्दा ध्यानमा राख्नु उपयोगी हुन्छ किनभने यसले सिफारिसहरूलाई अझ बढी व्यावहारिक र प्रभावकारी बनाउनका लागि चाहे अनुसारको संरचनालाई सहज बनाउँने काम गर्छ । यद्यपि, यसलाई रणनीतिक रूपमा प्रयोग गर्नु महत्त्वपूणर् छ किनने केही परिस्थितिहरूले जटिलताहरू निम्त्याउन सक्छन् जसका लागि लचिलोपन र कौशलता आवश्यक हुन्छ, जुन स्मार्ट विधिको दायराभन्दा बाहिरको कुरा हो ।

"समानता र गैरविभेदसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरू अनुसार वंशमा आधारित समुदाय सहित अल्पसंख्यकहरूलाई समावेश गर्न परिभाषालाई फराकिलो बनाउन भेदभाव विरुद्धको कानूनको धारा २(१९) लाई संशोधन गर्ने"

यो भाग **निर्दिष्ट** छ - यसले राम्रोसँग परिभाषित कार्यको सुझाव दिन्छ (नाम उल्लेख गरिएको कानूनको कुनै निर्दिष्ट भागलाई परिमार्जन गर्ने)।

यो **मापनयोग्य** पनि छ - यो धारा परिमार्जन गरिएको छ कि छैन भन्ने कुरा स्पष्ट हुनेछ

यो **हासिल गर्न सकिने** पनि छ - संसदले निणर्य गरेमा कानून पारित गर्न सक्छ र स्रोतसाधनको सीमितता हुने सम्भावना छैन।

यो भाग **निर्दिष्ट** मात्र नभई **सान्दर्भिक** पनि छ किनभने यसले यी समूहहरूको लागि हाल सुरक्षाको अभाव रहेको जनाउँछ।

यो भाग पनि **सान्दर्भिक** छ किनभने यसले मानवअधिकारको मापदण्डहरुको निश्चित समूह र यस अधिकारको विद्यमान उल्लङ्घन्लाई जनाउँछ। यसले सिफारिसलाई **मापनयोग्य** बनाउन पनि मद्दत गर्दछ किनभने मापदण्डहरूले आधार प्रदान गर्द जसअनुसार कुनै पनि संशोधनको मूल्याङ्कन गर्न सकिन्छ।

अर्को समीक्षा अघिको अवधिमा कार्यान्वयन हुने अपेक्षा रहेको अर्थमा यो **समयसीमावद्ध** छ । यसलाई "एक वर्ष भित्र..." जस्तो समयसीमा थपेर अझ बलियो बनाउन सकिन्थ्यो।

***रेखाचित्र १:*** *स्मार्ट सिफारिसका अंशहरू*

# वंश र जातमा आधारित यूपीआर सिफारिसहरूका लागि स्मार्ट विधि लागू गर्ने

## १. निर्दिष्ट

सिफारिसहरू कुनै निश्चित समस्या वा सरोकारलाई संकेत गर्दै स्पष्ट समाधान वा उपचार सुझाव गरेको अवस्थामा अझ प्रभावकारी हुनेछन् । यसमा सवाल, अधिकार, उल्लङ्घन, कानून, नीति र चालिनु पर्ने निश्चित कदमहरूको नाम उल्लेख गर्ने कार्य समावेश हुन सक्छ । प्रस्तावित समाधान हासिल गर्न मद्दत गर्ने उपयुक्त क्रियाकलापको क्रियाका साथ सिफारिस सुरु गर्नु राम्रो अभ्यास हो ।

| | | |
|---|---|---|
| ✗ | धार्मिक र जातीय अल्पसंख्यकहरूको अधिकार सुनिश्चित गर्ने कार्यलाई निरन्तरता दिने । | जातीय अल्पसंख्यक र धार्मिक अल्पसंख्यकसहित विशेषगरी महिला र किशोरीहरूको न्यायमा पहुँच सुनिश्चित गर्ने । |
| ✓ | ढिला नगरी, सबै प्रकारका जातीय विभेदउन्मूलनसम्बन्धी महासन्धिलाई घरेलु कानुनी प्रणालीमा पूणर् रूपमा एकीकृत गर्नु र वंशमा आधारित भेदभाव उन्मूलन गर्नका लागि वंशमा आधारित समूहहरू विरुद्ध घृणाजन्य अपराधका पीडकहरूको पूणर् अपराधीकरणसहितका कानुनी उपायहरू निर्धारण गर्ने । | न्यायमा प्रभावकारी र समयमै पहुँच सुनिश्चित गर्न जातमा आधारितसहित अल्पसंख्यक समुदायका मुद्दाहरूको निष्पक्ष र समयसीमावद्ध अनुसन्धान, सुनुवाइ र न्याय सुनिश्चित गर्ने । |

## २. मापनयोग्य

सिफारिसलाई मापनयोग्य बनाउनुले त्यसलाई प्रभावकारी बनाउन सक्छ । यो कार्य चालिनुपर्ने आवश्यक कदमहरू स्पष्ट गरेर गर्न सकिन्छ । चरणहरू पहिचान नगरि हासिल गरिनुपर्ने लक्ष्यलाई मात्र उल्लेख गर्दा सिफारिसहरूलाई कम मापनयोग्य बन्नसक्छन् । प्रगतिको समीक्षा गर्न सकिने कुनै आधारलाई तपाईंले उदृत गर्नुभयो भने सिफारिसलाई बढी मापनयोग्य बनाउन सकिन्छ। उदाहरणका लागि, संयुक्त राष्ट्रसङ्घको दिगो विकास लक्ष्यहरू मध्ये एउटाको सूचक, वा पुग्नुपर्ने कुनै संख्यात्मक लक्ष्य एउटा सान्दर्भिक अन्तर्राष्ट्रिय मापदण्ड हुनसक्छ ।

| | | |
|---|---|---|
| ✗ | सबै विद्यार्थीहरूलाई समान शैक्षिक अवसरहरू प्रदान गरिएको सुनिश्चित गर्ने । | राजनीतिक पदमा प्रतिनिधित्व विविधीकरण गर्ने प्रयासलाई निरन्तरता दिने । |
| ✓ | वंश र जातीय भेदभावबाट प्रभावित समुदायहरू, विशेषगरी महिला र किशोरीहरूलाई लक्षित गरी माध्यमिक र उच्च शिक्षामा सकारात्मक विभेदका कार्यक्रमहरूका लागि वार्षिक बजेट विनियोजनलाई १० % ले समानुपातिक रूपमा वृद्धि गर्ने । | वंशमा आधारित समूहलगायत अल्पसंख्यकको प्रतिनिधित्व हुने गरी प्रतिनिधिसभामा समानुपातिक प्रतिनिधित्व अन्तर्गत १०% सिट आरक्षित गर्ने । |

## ३. हासिल गर्न सकिने

सिफारिसहरूको हासिल गर्न सकिने अवस्था स्रोतसाधन र राजनीतिक इच्छाशक्ति अनुसार फरक र त्यसमा निर्भर हुन्छ । ठूला परिवर्तन निम्त्याउने स-साना कदमहरूको श्रृंखलासहितका कार्ययोग्य सिफारिसहरू निर्धारण गर्नु हासिलयोग्यताका सन्दर्भमा आइपर्ने व्यवधानहरु हटाउने एउटा तरिका हुन सक्छ । राष्ट्रिय कानुनी संरचनाहरूलाई अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरू अनुरूप बनाउनु राज्यहरूको दायित्व हो र प्रायः छोटो समयावधि भित्र यो हासिल गर्न सकिन्छ। यस वर्गका लागि विषयवस्तुहरू पहिचान गर्न रहेका चुनौतीहरूलाई दृष्टिगत गरी हामीले समावेश नगरिनुपर्ने सिफारिसहरूको कुनै उदाहरण उपलब्ध गराएका छैनौं ।

✓

शिक्षा, स्वास्थ्य सेवा, आवास, खानेपानी र सरसफाइ र जीविकोपार्जनका अवसरहरू जस्ता क्षेत्रमा नीति, कार्यक्रम र योजनाहरूलाई सुसूचित गराउन महिला र किशोरीहरूसहित वंशमा आधारित समूहहरूको विखण्डिकृत तथ्याङ्क सङ्कलन गर्न समयमै र नियमित रुपमा जनगणना गर्ने ।

मानवअधिकार संयन्त्रहरूसमक्ष जात र वंशजमा आधारित समूहहरूको जानकारी सहितको प्रतिवेदनहरु समयसीमाभित्र बुझाउने र जातीय भेदभाव उन्मूलन समितिलाई यथासम्भव चाँडो र समीक्षा भएको एक वर्ष भित्रै बुझाउनपर्ने प्रतिवेदन पेश गर्ने।[4]

## ४. सान्दर्भिक

प्रस्तावित गरिएको विषय र देशको मानवअधिकारको सन्दर्भ र देशको मानवअधिकारको अवस्थामा भएको प्रगतिबीच स्पष्ट सम्बन्धसहित सिफारिसहरु दिनु उपयोगी हुन्छ । उदाहरणका लागि, अल्पसंख्यकहरू विरुद्ध घृणाजन्य अपराधहरू मानवअधिकारको चिन्ताको विषय भएको देशमा यदि त्यससम्बन्धी कुनै संयन्त्र छैन भने कानुन र संयन्त्रहरूलाई सुदृढ पार्ने सिफारिस सान्दर्भिक हुँदैन । तर, यस्तो संयन्त्र निर्माण गर्नुपर्ने सिफारिस सान्दर्भिक हुनेछ । यसमा विचार गर्नुपर्ने अर्को पक्ष भनेको स्थानीय नागरिक समाज र अधिकारबाहकहरूका लागि महत्वपूर्ण् रहेको मुद्दालाई सिफारिसले सम्बोधन गर्छ कि गर्दैन भन्ने हो ।

✗

प्रहरीको अत्याधिक बल प्रयोगबाट जातीय र जातमा आधारित अल्पसंख्यकहरूको अधिकारको रक्षा गर्नका लागि कानुनी, नीतिगत र प्रशासनिक उपायहरूको कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिने ।

प्रहरी बलद्वारा हिरासतमा हुने यातनाका घटनाहरुको संख्या न्यून गर्ने प्रयासहरु अघि बढाउने ।

✓

वंशमा आधारित समुहको संरक्षणलाई लागु गर्न जातमा आधारित अत्यचारमा संलग्न प्रहरीलाई कानुनी र अनुशासानजन्य कारबाही गर्न र निष्पक्ष, स्वतन्त्र र समयसापेक्ष अनुसन्धानबाट जवाफदेही बनाउन नीति तथा कानुनमा परिमार्जन गर्ने ।

नयाँ आउने र हाल कार्यरत प्रहरी अधिकारीहरूको आवास, स्वास्थ्य सेवा, शिक्षाका सिद्धान्तहरूप्रतिको चेतना र प्रतिबद्धता अभिवृद्धि गर्न जातीय पूर्वाग्रह र पक्षपातलाई चुनौती दिन र सम्बोधन गर्न विशेषकृत तालिम लागू गर्ने ।

4 यस सिफारिसको पहिलो भाग सान्दर्भिक सन्धिजन्य निकायहरूलाई समयमै प्रतिवेदन बुझाउने कुरासँग सम्बन्धित छ; प्रतिवेदन बुझाउन बाँकी रहेको जानकारी भएको अवस्थामा मात्र दोस्रो भाग सान्दर्भिक हुनेछ ।

## ५. समयसीमावद्ध

सिफारिस लागू गर्नका लागि समयसीमा संकेत गर्ने भाषाको प्रयोग उपयोगी हुन्छ । अर्को समीक्षा अघिको अवधिमा सिफारिसहरू लागू हुने अपेक्षा गरिएको हुने भएपनि त्यसका विभिन्न चरणहरूका लागि समयसीमा तोकिएको अवस्थामा त्यसले सिफारिसलाई बलियो बनाउनेछ।

| | | |
|---|---|---|
| ✗ | अल्पसंख्यकहरू विरुद्ध हुने हिंसाका सबै घटनाहरूको प्रभावकारी अनुसन्धान र दण्डित गर्ने कार्यलाई सुनिश्चित गर्ने। | विभेदमा परेका समुदायप्रतिको जनताको सोचमा सुधार गर्ने प्रयासहरू अघि बढाउने । |
| ✓ | घटना भएको २४ घण्टाभित्र पीडितसँग प्रत्यक्ष रुपमा सम्पर्क गर्न र जातीय विभेदका अपराधीहरूलाई पक्राउ गरी न्यायिक उपचारका लागि अदालत समक्ष मुद्दा दायर गर्नका लागि आवश्यक तयारी गर्न ढिला नगरी प्रहरी अधिकारीहरूका लागि तत्काल र स्वैच्छिक मापदण्ड संस्थागत गर्ने । | जातमा आधारित पदानुक्रम हटाउन जनचेतनामूलक अभियानहरू सञ्चालन गर्ने र अर्को समीक्षा अघि पाठ्यक्रम समीक्षा लागू गरी शैक्षिक पाठ्यक्रमले ती पदानुक्रमहरूलाई बढावा नदिएको सुनिश्चित गर्ने । |

**एम्नेस्टी इन्टरनेशनल एक करोड भन्दा बढी व्यक्तिहरु आवद्ध विश्वव्यापी आन्दोलन हो जसले सबैले मानव अधिकारको उपभोग गर्नसक्ने संसारका लागि अभियान सञ्चालन गर्दछ । मानवअधिकारको विश्वव्यापी घोषणापत्र र अन्य अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूमा निहित सबै अधिकारहरू प्रत्येक व्यक्तिले उपभोग गरेको अवस्था हाम्रो दूरदृष्टि हो । हामी कुनै पनि सरकार, राजनीतिक विचारधारा, आर्थिक चासो वा धर्मबाट स्वतन्त्र छौं र हाम्रो आर्थिक स्रोत मुख्यतः हाम्रो सदस्यता र सार्वजनिक चन्दा हो ।**

एआई सूचकांक नम्बर: आइओआर ४०/६३५८/२०२३ Nepali
एम्नेस्टी इन्टरनेशनल द्वारा सन् २०२३ मा प्रकाशित

AMNESTY INTERNATIONAL